नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

## जलेश्वरनाथ मन्दिरको महिमा बढ्दो



**जलेश्वर ।** जलेश्वर नगरपालिका–२ मा अवस्थित जलेश्वरनाथ महादेव मन्दिरमा साउनभरि साक्षात महादेव विराजमान रहने गरेको विश्वासका आधारमा भक्तजनहरुको

*बाँकी पृष्ठ ३ मा*

वर्ष २ | अंक २५१ | २०८१ साल श्रावण १५ गते मंगलबार | Tuesday 30, July 2024 | सूर्योदयः बिहान ५:२९ बजे | सूर्यास्तः साँझ ६:५४ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

## विद्यार्थीको अनुपातमा शिक्षक व्यवस्था गर्न मन्त्रीलाई ज्ञापन



**मधेशदृष्टि**
**रौतहट ।**
मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साहले विद्यार्थी संख्याको अनुपातमा शिक्षक माग गर्दै सिंघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईलाई ज्ञापनपत्र बुझाएकी छन् । सोमबार सिंहदरबारस्थित शिक्षा मन्त्रालय पुगेर मेयर साहले अपुग शिक्षक दरबन्दी तत्काल आपूर्ति गर्नुपर्ने माग गरेकी हुन् ।

तहगत र बिषयगत अपुग शिक्षक तत्काल आपुर्ति नगरिए भदौ महिनादेखि मौलापुर नगरपालिकाअन्तर्गतका सामुदायिक विद्यालयको पठनपाठन बाध्य भएर बन्द गर्नुपर्ने चेतावनीसमेत मेयर साहले शिक्षा मन्त्री भट्टराईलाई दिएकी छन् । मौलापुर नगरपालिकाका विभिन्न सामुदायिक विद्यालयमा आठ हजार भन्दा विद्यार्थी अध्ययनरत छन् । शिक्षक दरबन्दी एक सय ६० हुनुपर्नेमा मौलापुरमा ५८ शिक्षक मात्रै छन् । मौलापुरमा एक सय २ शिक्षक दरबन्दी अपुग छ ।

'मौलापुर नगरपालिकामा आठ हजार भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । मौलापुरमा एक सय १ सय ६० शिक्षक हुनुपर्नेमा ५८ शिक्षक मात्रै रहेका छन् । तपाईं आफैं विचार गर्नुहोस् त ५८ शिक्षकले १ सय ६० शिक्षकको पढाउने काम कसरी गर्न सक्छन् ?,' मौलापुरकी मेयर साहले प्रश्न गर्दै भनिन्, 'कि शिक्षा मन्त्रालयले अपुग शिक्षक व्यवस्था गर्नुपर्यो वा हामीलाई शिक्षक नियुक्त गर्ने अधिकार दिनुपर्यो । विद्यार्थीको भविष्यसँग मन्त्रालयले खेलबाड गर्न पाउँदैन । हामीले यसबारेमा सरकारलाई पटकपटक जानकारी गराउँदा समेत कुनै सुनुवाई भएको छैन । सरकारको यस्तै रवैया रहे हामी बाध्य भएर पठनपाठन बन्द गरेर आन्दोलनमा जान्छौँ ।'

मौलापुरमा अपुग शिक्षक आपूर्तिका लागि मेयर साहले सरकारको पटकपटक ध्यानाकर्षण गराउँदै आएकी छन् । तर सरकारले नसुनेजस्तो गर्दै आएको छ । विद्यार्थी अनुपातमा मौलापुरमा मात्रै नभएर मधेश प्रदेशमै शिक्षक अभाव छ । तर सरकारले विभेद गर्दै आएका कारण विद्यार्थीको भविष्य अन्धकार बनाउन खोजेको आरोप मेयर साहले लगाएकी छन् ।

मधेश प्रदेशको पहिलो महिला मेयर साहले भनिन्, 'विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी नहुँदा शिक्षकको अभावमा मौलापुर नगरपालिकाअन्तर्गतका सामुदायिक विद्यालयको पठनपाठन अस्तव्यस्त भई बालबालिकाको भविष्य अन्धकारमा पर्न गएको छ ।' ज्ञापनपत्र बुझ्दै शिक्षामन्त्री भट्टराईले विभिन्न विद्यालयमा अपुग शिक्षक दरबन्दी छिट्टै व्यवस्थापन गर्ने गृहकार्यमा लागेको बताइन् । 'हामी अध्ययन गरिरहेका छौँ, विभिन्न विद्यालयमा दरबन्दीअनुसार शिक्षक नभएकाले छिट्टै व्यवस्थापन गर्दैछौँ,' उनले भनिन्, 'तपाईंहरु आन्दोलन नगरिदिनुहोला ।'

शिक्षा ऐनको मापदण्डअनुसार तराई मधेशमा ५० विद्यार्थीमा १ शिक्षक, पहाडमा ४० विद्यार्थी बराबर १ शिक्षक, हिमालमा ३५ विद्यार्थी बराबर १ शिक्षक हुनुपर्ने प्रावधान छ । यो मापदण्ड नै विभेदकारी रहेको आवाज उठ्न थालेको छ ।

## १८ सहकारी ठग समात्न निर्देशन केबीलाई मुद्दा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अघिल्लो सरकारले गठन गरेको सहकारी संस्था बचत रकम दुरुपयोग संसदीय छानबिन विशेष समितिले जनताको बचत संकलनका लागि सहकारी संस्था संस्था खोलेर बदमासी गर्दै विदेश भाग्ने १८ सहकारी सञ्चालकलाई समातेर ल्याउन गृह मन्त्रालयलाई निर्देशन दिएको छ । सहकारीका नाममा ठगी गर्ने १८ जनामा एक नम्बरमा भने गितेन्द्रबाबु (जिबी) राई नै छन् । समितिले सहकारीमा ठगी गरेर सम्पर्कविहीन भएका १८ जनाको नाम गृहमन्त्री रमेश लेखकलाई उपलब्ध गराउँदै समातेर देशमा ल्याउन निर्देशन दिएको हो ।

सहकारीको अर्बौं बचत ठग्ने ओखलढुंगाका गितेन्द्रबाबु (जीबी) राई मलेसियामा लुकेर बसेको अनुमान गरिएको छ । सोमबार सिंहदरबारमा गृहमन्त्री, गृहसचिव, प्रहरी प्रमुख लगायतसँग छलफल गर्दै समितिले सहकारी ठगीमा संलग्न १८ जना देशबाहिर रहेको पाइएकाले नेपाल ल्याउन निर्देशन दिएको हो । ठूला सहकारीका सञ्चालकहरु भने जनताको बचत हिनामिना गर्दै अमेरिका, बेलायत, मलेसिया, सिंगापुर, भारतलगायतका देशमा लुकेर बसेको पाइएको छ ।

**को कुन देशमा**

१. जिबी राई (स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्था) मलेसिया
२. भरत महर्जन (सुमेरु बचत तथा ऋण सहकारी संस्था) बेलायत
३. राजमाया महर्जन श्रीमती (सुमेरु बचत तथा ऋण सहकारी संस्था) बेलायत
४. सचिन महर्जन (सुमेरु बचत तथा ऋण सहकारी संस्था) बेलायत
५. छोरा, सरला महर्जन छोरी (सुमेरु बचत तथा ऋण सहकारी संस्था) बेलायत
६. ज्ञानबहादुर बम्जन (सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था) अमेरिका
७. थानबहादुर बुढामगर (सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था)
८. भूपेन्द्र राई (सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था)
९. तेजबहादुर बम्जन तामाङ (शिवदर्शन बचत तथा ऋण सहकारी संस्था) भारत–युरोप
१०. देवकुमार नेपाली (इमेज बचत तथा ऋण सहकारी संस्था) भारत
११. छेदा नेपाली (इमेज बचत तथा ऋण सहकारी संस्था) भारत
१२. तस्बिरन खातुन (सानो पाइला बचत तथा ऋण सहकारी संस्था)
१३. असरफ अली (सानो पाइला बचत तथा ऋण सहकारी संस्था)
१४. सुभास केसी (सहारा बचत तथा ऋण सहकारी संस्था)
१५. दीपक पौडेल (इमेज बचत तथा ऋण सहकारी संस्था) भारत
१६. लीलानाथ गौतम (शिवशिखर बचत तथा ऋण सहकारी संस्था)
१७. महाशंकर रेग्मी (मेघा ड्रिम बचत तथा ऋण सहकारी संस्था)
१८. प्रेमध्वज लामा (कान्तिपुर सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ)

### केबी उप्रेतीलाई मुद्दा



केबी उप्रेती
अध्यक्ष

राष्ट्रिय सहकारी बैंकका अध्यक्षसमेत रहेका आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णबहादुर (केबी) उप्रेतीविरुद्ध सहकारी ठगीमा मुद्दा दर्ता भएको छ । जिल्ला प्रहरी परिसर काठमाडौँले सरकारी वकिलको कार्यालय काठमाडौँमा प्रतिवेदन बुझाएपछि जिल्ला सहकारी वकिलको कार्यालय काठमाडौँले उप्रेतीसहित नौ जनालाई प्रतिवादी बनाउँदै अभियोगपत्र दायर गरेको छ ।

सहकारी अध्यक्ष उप्रेती, हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारीका तत्कालीन उपाध्यक्ष शिवप्रसाद कट्टेल, सोही संस्थाका तत्कालीन कोषाध्यक्ष मुकुन्द्रप्रसाद पाण्डे र सदस्य बद्री महतविरुद्ध अभियोगपत्र दायर भएको छ । हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी सञ्चालकहरू अरुण भण्डारी र विष्णुबहादुर रिमाल, लेखा समिति संयोजक राजु पौडेल तथा सोही संस्थाका कर्मचारी विश्वम्भर रिमालविरुद्ध पनि अभियोगपत्र दायर भएको छ । त्यस्तै, मर्जरपछिको संस्थाका सदस्य प्रकाशमान शाही खड्गीलाई समेत विपक्षी बनाइएको छ । काठमाडौँमा केन्द्रीय कार्यालय भएर सञ्चालनमा रहेका पाँच सहकारी संस्था मर्जर भई आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था बनेको हो । संस्थाको एकीकृत करोबार ७ अर्ब रुपैयाँ भन्दा धेरै छ । संस्थाले १५ करोड ७७ लाख २० हजार ४० रुपैयाँ ठगी गरेको पुष्टि भएको भन्दै अभियोगपत्र दर्ता भएको हो । उप्रेती पक्राउ परेका छन् भने अन्य अभियुक्त फरार छन् ।

## 'जनतामा व्याप्त निरासा चिर्न एमाले–कांग्रेसको सरकार'

**मधेशदृष्टि**
**वीरगंज ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले राष्ट्रिय राजनीति संकट र अन्यौलपूर्ण बन्दै गएपछि नदीको दुई किनारा बनेका कांग्रेस एमाले एकै नदीको संगम बनेर अगाडि बढेको र यसले जनतामा उत्पन्न निरासा अन्त्य गरेको दाबी गरेका छन् । वीरगंज महानगरपालिका वडा नम्बर ३१ मा स्थापना गरिएको गोल्छा अर्गनाइजेसनको हुलास स्टिलको ग्याल्भनाइजिङ इकाइको सोमबार उद्घाटन गर्दै मन्त्री भण्डारीले जनतामा देखिएको निरासा चिर्दै आशामा बदल्न सरकार अगाडि बढेको दाबी गरे ।

उनले समृद्ध मुलुक निर्माणका लागि उद्योग, व्यापार क्षेत्रलाई संकटमुक्त बनाउनु पर्ने कुरामा जोड दिँदै नेपालको उद्योग क्षेत्र संकटमा पर्दा रोजगारी र उत्पादन घट्दै गएकामा चिन्ता व्यक्त गरे । उद्योगमन्त्री भण्डारीले व्यापार घाटा बढ्दै गएको र वार्षिकरुपमा एक खर्ब रुपैयाँ भन्दा बढीको कृषिजन्य उत्पादन आयात भइरहेकाले सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर अबको एक दशक कृषि दशकका रुपमा मनाउने निर्णय गरेको बताए । उनले खाद्यान्न, फलफूल आयातलाई रोकेर निर्यात गर्नसक्ने अवस्थामा पुर्याउन मधेश प्रदेशलाई व्यावसायिक कृषितर्फ केन्द्रित गर्नु पर्नेमा जोड दिए ।

मन्त्री भण्डारीले उद्योग सञ्चालनका लागि मन्त्रालयमै थुप्रै जटिलता रहेको र मन्त्रालय नीतिगत सुधारलाई प्राथमिकता दिएर अगाडि बढिरहेको बताए । उनले तीन तहका सरकार प्रतिपक्ष, सत्तापक्ष अब एकै गतिमा अगाडि बढेर मुलुकलाई समृद्धितर्फ लैजानु पर्नेमा जोड दिँदै सबै आआफ्नो जिम्मेवारी तथा जनउत्तरदायित्व पुरा गर्न लाग्नु पर्ने बताए ।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले बारा–पर्सा औद्योगिक करिडोरमा स्थानीय नागरिकलाई रोजगारी प्रदान गर्नुपर्नेमा जोड दिए । उनले औद्योगिक करिडोरमा अधिकांश भारतीय मूलका नागरिक कार्यरत रहेको बताउँदै बिस्तारै स्थानीय नागरिकलाई दक्ष बनाएर रोजगारी दिलाउनुपर्ने आवश्यकता रहेको बताए । मुख्यमन्त्री सिंहले औद्योगिक क्षेत्रलाई आवश्यक जनशक्ति तयार पार्न प्रदेश सरकारको लगानी र सहयोगमा कुनै कमी नहुने बताउदै स्थानीय नागरिकले रोजगारी पाउँदा वैदेशिक रोजगारीमा जाने र बेरोजगारीको संख्या कम गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

गोल्छा अर्गनाइजेसनका हितेश गोल्छाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बाराका सांसद किसान श्रेष्ठ, बारा पर्साका प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी प्रमुख, राजनीतिक दलका नेताहरु, वीरगंज उद्योग वाणिज्य संघका पदाधिकारीको सहभागिता थियो ।

## छिमेकीकै योजनामा पूर्वराज्यमन्त्रीको हत्या



**मधेशदृष्टि**
**सर्लाही ।**
पूर्वराज्यमन्त्री रामचन्द्र रायको हत्या जग्गा विवादकै कारण गरिएको पाइएको कछ । साउन ६ गते राति  चन्द्रपुर नगरपालिका–१ रत्नपुरस्थित घरमा रायको हत्या भएको थियो ।

प्रहरीले रायको हत्यामा संलग्न भएको भन्दै घरमै काम गर्ने २५ वर्षीय रामउजैन राय र छिमेकी ४६ वर्षीय वीरेन्द्र राय यादवलाई सार्वजनिक गरेको छ । प्रहरी प्रवक्ता डिएसपी दीपक श्रेष्ठका अनुसार हत्याको योजनाकार छिमेकी वीरेन्द्र हुन् र उनकै योजना र प्रलोभनमा कामदार रामउजैनले पूर्वराज्यमन्त्री रायको हत्या गरेको पाइएको छ ।

अनुसन्धानक्रममा करिब एक महिनाअघि पूर्वराज्यमन्त्री रायका छिमेकी वीरेन्द्रले राम उजैनलाई रायको घर जग्गाको नक्सा झुक्याइ मागेर फोटो र भिडियो बनाएको पाइएको थियो । वीरेन्द्रले पूर्वराज्यमन्त्री रायको पक्की घर आफ्नो जग्गा मिचेर बनाएको आरोप लगाउँदै आएका थिए । घटनाको केही दिनअघि मात्र वीरेन्द्रले रायको हत्या योजना बनाएको र उनले रायको घरमा काम गर्ने रामउजैनलाई नै रोजेको अनुसन्धानमा खुलेको छ । दुईलाख रुपैयाँ र व्यवसायका लागि एउटा फर्म खोलिदिने प्रलोभनमा राम उजैनले हत्याको सुपारी लिएको अनुसन्धानमा खुलेको छ । पक्राउ परेका वीरेन्द्र र रामउजैनलाई १० दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीले जिल्ला अदालतबाट अनुमति लिएको छ ।

## एसपीसहित २३५ प्रहरी कारबाहीमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गत आर्थिक वर्षमा मधेश प्रदेशमा प्रहरीको आचरण, नीति र नियमविपरीत काम गर्ने एसपीसहित २ सय ३५ प्रहरी कर्मचारी कारबाहीमा परेका छन । आर्थिक वर्ष २०८०–८१ मा एक प्रहरी उपरीक्षक, दुई प्रहरी नायब उपरीक्षक, २ प्रहरी निरीक्षकसहित २ सय ३५ प्रहरी विभागीय कारबाहीमा परेका हुन् ।

यस्तै, ४ प्रहरी वरिष्ठ नायव निरीक्षक, ५ प्रहरी नायब निरीक्षक, २५ प्रहरी सहायक निरीक्षक, १० प्रहरी वरिष्ठ हबल्दार, ३३ प्रहरी हबल्दार, ५५ प्रहरी सहायक हबल्दार, ९६ प्रहरी जवान र २ प्रहरी कार्यालय सहयोगीलाई विभागिय कारबाही गरिएको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी दानबहादुर कार्कीका अनुसार मधेश प्रदेशमा पछिल्लो ६ आर्थिक वर्षमा आचरणविपरीत काम गर्ने २ एसपी र ६ डिएसपीसहित १ हजार ४ सय ५५ प्रहरीलाई विभागीय कारबाही गरिएको छ । मधेशमा पदीय मर्यादाविपरीत काम गर्ने प्रहरीलाई कारबाही गरिएको छ भने उत्कृष्ट काम गर्ने १ प्रहरी वरिष्ठ उपरीक्षकसहित ९ सय ५३ प्रहरी कर्मचारीलाई पुरस्कृत पनि गरिएको नेपाल प्रहरीले जनाएको छ ।  राम्रोसँग अनुसन्धान गर्ने, तोकिएको ठाउँमा जिम्मेवारीपूर्वक काम गर्ने, अनुसन्धानमा सफल एक  प्रहरी वरिष्ठ उपरीक्षक, ११ प्रहरी उपरीक्षक, २१ प्रहरी नायब उपरीक्षक, ७१ प्रहरी निरीक्षक, ४१ प्रहरी वरिष्ठ नायब निरीक्षक, ४४ प्रहरी नायब निरीक्षक, १ सय ३९ प्रहरी सहायक निरीक्षकलाई पुरस्कृत गरिएको छ ।

यस्तै, ५४ प्रहरी वरिष्ठ हबल्दार, १ सय ३६ प्रहरी हबल्दार, १ सय ६९ प्रहरी सहायक हबल्दार, २ सय ४७ प्रहरी जवान र १९ कार्यालय सहयोगीलाई पुरस्कृत गरिएको प्रवक्ता कार्कीले जानकारी दिए । यसअघि आव २०७९–८० मा ८ सय ३९ प्रहरी कर्मचारी पुरस्कृत भएका थिए । पछिल्लो ६ आर्थिक वर्षमा मधेश प्रदेशका जिल्लामा कार्यरत १६ प्रहरी वरिष्ठ उपरीक्षकसहित ४ हजार ४ सय ७० प्रहरी कर्मचारी पुरस्कृत भएको नेपाल प्रहरीले जनाएको छ ।

*घर चिन्न घर छाडौँ तर,
घर नबिसौँ ।*
*– लक्ष्मीप्रसाद देवकोटा*

## सम्पादकीय

## सखुवाप्रसौनीको कागज मिलाएर खाने बानी

*पर्साको १४ स्थानयि तहमध्ये एउटा गाउँपालिका हो सखुवाप्रसौनी । यो गाउँपालिकामा नेतृत्व पनि युवापुस्ताका आशालाग्दा स्थानीय नेताहरु चुनाव जितेर आएका छन् । सामाजिक सञ्जालदेखि समाजमा 'हाइफाइ' शैलीमा देखिने जनप्रतिनिधि अर्थात् पालिकाका बडामुखियाहरुले चुनाव जितेपछि गाउँमा निकै राम्रो हुन्छ भन्ने धेरैलाई परेको पनि थियो । उनीहरुले राखेको उम्मिद चैँ जितेर कुर्सीमा पुगेपछि कुर्सीमा बस्नेहरुले पूरा गरिदिएनन् त, जनता के गरुन् ? प्रदेश र केन्द्र सरकारजस्तो पनि होइन, स्थानीय तह । मन नपरेका बेला गठबन्धन फेरेर अर्को नेता चुन्ने । मुखिया छान्ने । यो त पाँच वर्षलाई ढुक्कसँग जिताइएको विषय भयो । सिंगो पालिकाबाट धेरै उम्मेदवार भएका हुन्छन् । शतप्रतिशत मतदाताले मतदान गर्छन् तर जित्नेहरुको भागमा जम्माजम्मी २७ प्रतिशतको हाराहारीमा मत पर्ने नेपालको चुनावी अभ्यास छ । यस्तै २७ प्रतिशत मत ल्याउनेहरुले बाँकी पाँच वर्षलाई शतप्रतिशतलाई शासन गर्छन् । त्यसैले पर्साको सखुवाप्रसौनी गाउँपालिकामा पनि युवापुस्ताले गाउँ बदल्छन् भनेर गरिएको आशा र उम्मिद धुलीसात पारिएको छ । त्यहाँ वर्षपिच्छे एक–एक काण्ड भइरहेका छन् ।*

*पछिल्लो काण्ड चैँ सखुवाप्रसौनी गाउँपालिकामा २८ लाख रुपैयाँको खानेपानीका धारालगायतका सामानको भुक्तानीबारे केन्द्रित छ । महालेखाको परीक्षणमै विनाटेण्डर, प्रतिस्पर्धा पालिकाले २८ लाख रुपैयाँ भन्दा बढीको खानेपानीको धाराको सामान खरिद गरेको भनेर औँला ठड्याइएको छ । ६ वटा वडामा खानेपानीका धारा जडानका लागि काम गरिएको भनिनु आफैँमा राम्रो हो । तर यति मोटो रकमको काम दिनुपर्दा टेण्डर या इटेण्डर गर्नु पर्ने कानूनी विधि र शासन छ । यसको खिल्ली उडाउँदै सखुवाप्रसौनीले काम दिएको र काम गर्नेलाई भुक्तानी पनि दिएको पाइएको छ । देखादेख ठाडै यस्तो बदमासी गर्ने गाउँपालिकाको नेतृत्वलाई सामाजिक सञ्जालमा उडाइएको छ । विना प्रतिस्पर्धा आफन्तलाई पोसिएको र सुशासनको खिल्ली उडाइएको भनेर सामाजिक सञ्जालमा नेतृत्वको आलोचना मात्र भएको छैन । छानबिनको दायरामा ल्याउनुपर्छ भनेर माग पनि उठेको छ । यसरी विना टेण्डर भुक्तानी दिने कामको सर्वत्र विरोध भइरहँदा पालिका नेतृत्व भने कानमा तेल हालेर बसेको देखिन्छ । सुशासनको खिल्ली उडाइएकामा थोरै पनि कमजोरी भएको महसुस गररहेको छैन ।*

*यति मात्र होइन, यति ठूलो रकमको खानेपानीको धारालगायतका सामग्री खरिद भएको भनिए पनि गाउँपालिकाको एउटा पनि वडाका स्थानीयले पालिकाले दिएको धारा देख्न, जोड्न र त्यहाँबाट आएको पानी पिउन पाएका छैनन् । थोरै पनि शरम गर्ने हो भने सामाजिक सञ्जालमा प्रश्न गरिएको छ कि, 'कसैले पालिकाले दिएको धारा जडान गर्नु भएको छ ?' यतिसम्म मर्मभेदी प्रश्न गरिँदा पालिका नेतृत्वले आफू सुशासनमा पारदर्शी ढंगले क्रियाशील रहेको भनेर कतै जवाफ दिएको सुनिएको छैन । पालिकाले यसअघि पनि टन्नै यस्ता बदमासी गरेको समाचार हामीले प्रकाशन नगरेका होइनौँ । एकैदिन विभिन्न बिल बनाएर भुक्तानी दिने, फर्जी बिल बनाएर कार्यकर्ता पाल्नेदेखि अनेक काण्डको हामीले वर्ष २०८० र वर्ष २०८१ मा पनि समाचार प्रकाशन गरेका छौँ । मुलुकमा सत्ता र पदमा बस्नेहरुलाई नैतिक शिक्षा पढाउनु व्यर्थ छ र सखुवाप्रसौनी गाउँपालिका पनि मुलुककै एउटा निकाय भएकाले उसले पनि नैतिकवान हुन अरुलाई सिकाइरहेको हुन्छ तर आफू चैँ यसरी बदमासीको माला पहिरिरहेको छ ।*

# नेपाली राहदानी किन यति कमजोर ?

*"नेपाली राहदानी विश्वमा सबै भन्दा कमजोर मध्ये छैठौँ । 'ह्यानले सूचकाङ्क'मा हाम्रो राहदानी कैयौँ वर्षदेखि लगातार सबैभन्दा कमजोर राहदानीको लहरमा आउने गरेको छ । स्थिति यति सम्म खराब बनेको छ कि एशियाका पर्यटकीय गन्तव्यहरू इन्डोनेसियाको बाली, थाईल्याण्ड र मलेशियाले पनि नेपालीलाई 'अन अराइभल' भिषा दिन छोडेको धेरै वर्ष भयो ।"*



आदिल अली

अन्तर्राष्ट्रिय समुदायमा कुनै पनि मुलुकको मान प्रतिष्ठा मापन गर्ने विभिन्न सूचक मध्ये राहदानी (पासपोर्ट) एउटा महत्वपूर्ण सूचक हो। आर्थिक, शैक्षिक लगायत अन्य प्रमुख सूचकहरूमा पछाडि परेको नेपाल राहदानीको मामिलामा अत्यन्तै कमजोर देखिएको छ।

**कमजोर नेपाली राहदानी ?**

गएको १५–२० वर्ष यता लगातार खस्कँदै गएको नेपालको राहदानीको स्थिति सन् २०२४ मा झन् कमजोर बनेको छ। विश्वभरका देशहरूको तुलनामा नेपाली राहदानीको हैसियत ९८ औं स्थानमा देखिएको छ। 'पासपोर्ट र्याभिङ्किङ' को सूचीमा नेपाल सबै भन्दा कमजोर मध्ये, सूचीको तलबाट, छैठौँ स्थानमा रहेको छ। दक्षिण एसियाली राष्ट्रहरूको सम्दर्भमा नेपाल पाकिस्तान र अफगानिस्तान पछि तेस्रो सबै भन्दा तल रहेको छ । दक्षिण एशियाका अन्य देश बंङ्गलादेश, भुटान, भारत, माल्दिभ्स, श्रीलंकाका पासपोर्ट नेपालको भन्दा बलिया छन्।

नागरिकले बोक्ने सामान्य राहदानीले विदेश यात्राका क्रममा पाउने प्रतिष्ठा र स्वतन्त्रताका आधारमा विश्वभरका देशहररूको 'पासपोर्ट र्या्ङिङ्कड' गर्ने 'ु्ह्यानले पासपोर्ट सूचकाङ्क'का अनुसार सन् २०२४ मा भारतीय राहदानी ८० औं स्थानमा छ भने चीनको ६२ औं स्थानमा छ।

हाम्रो छिमेकी भूटान ८७ औं स्थानमा छ भने माल्दिभ्स ५८ औं, श्रीलंका ९६ औं, र बङ्गलादेश ९८ औं स्थानमा छन् । दक्षिण एसियाका दुई सबैभन्दा कम र्याऔङ्किङ भएका देश, पाकिस्तान र अफगानिस्तानको राहदानी क्रमशः १०१ औं र १०४ औं स्थानमा छन्।

ह्यानलेले हालै सार्वजनिक गरेको २०२४ को शक्तिशाली राहदानी सूची अनुसार, नेपाल अन्तिमबाट छैठौँ स्थानमा छ र समग्रमा ९८ औं स्थानमा छ। 'ह्यानले सूचकाङ्क' मा हाम्रो राहदानी कैयौँ वर्षदेखि लगातार सबैभन्दा कमजोर राहदानीको लहरमा आउने गरेको छ। स्थिति यति सम्म खराब बनेको छ कि एशियाका पर्यटकीय गन्तव्यहरू इन्डोनेसियाको बाली, थाईल्याण्ड र मलेशियाले पनि नेपालीलाई 'अन अराइभल' भिषा दिन छोडेको धेरै वर्ष भयो।

विगतमा, धेरै वटा एशियाली र यूरोपेली देशहरूले नेपाली नागरिकहरूलाई ुअन अराइभलु भिषा दिन्थे भने अहिले यो सुविधा दिने केही देश मात्र छन्। अर्थात् नेपाली नागरिकलाई सम्मान गर्ने देश र समाज संसारभर घट्दै गएका छन् !

नेपालमा रहेका विदेशी राजदूतावासहरू मध्ये केहीले मात्र काठमाडौँबाट भिषा जारी गर्छन्। कतिपय राजदूतावासले कन्सुलर सेवालाई नयाँ दिल्लीमा रहेको उनीहरूको दूतावासमा सारेर नेपाली नागरिकहरूलाई त्यहिँबाट भिषा जारी गर्छन्।

सबै भन्दा कमजोर राहदानीको सूचीमा परेका अन्तिम १० देश मध्ये ८ वटा देश मुस्लिम राष्ट्र रहेको तथ्याङ्क ह्यानलेको प्रतिवेदनमा परेको छ। सूचीको अन्त्यमा अफगानिस्तान छ भने दोश्रो र तेश्रोमा क्रमशस् सिरिया र इराक छन् । पाकिस्तान र यमन चौथो दर्जामा परेका छन् भने सोमालिया पाँचौँ स्थानमा छ। नेपाल र लिबिया समान छैठौँ स्थानमा रहेका छन्। बङ्गलादेश र प्यालेष्टिन सातौँ स्थानमा छन् भने उत्तर कोरियाले आठौँ हैसियत प्राप्त गरेको छ। इरिट्रियाले नौवौँ स्थान पाएकोमा इरान र सुडानको स्थान दशौँ छ।

**शक्तिशाली देशका बलिया राहदानीः**

विश्वमा सबैभन्दा शक्तिशाली राहदानी फ्रान्स, जर्मनी, इटाली, जापान, सिंगापुर, र स्पेनका रहेछन्। यी सबै देश पहिलो स्थानमा छन्। यी देशका नागरिकले १९४ देशमा भिषा नलिइकन भ्रमणमा जान पाउँछन्। अर्को शब्दमा भन्ने हो भने यी राष्ट्रका नागरिक र पासपोर्टको प्रतिष्ठा यति उच्च छ कि त्यहाँका नागरिक विश्वका लगभग सबैजसो देशमा विना भिषा प्रवेश गर्न पाउँछन् !

सातौं स्थानमा रहेको संयुक्त राज्य अमेरिकाको राहदानीले १८८ देशमा अग्रिम भिसा प्राप्त नगरी प्रवेश पाउँछ। भारतको राहदानी ८० औं स्थानमा छ। भारतीय राहदानीवाहकले ६२ देशमा 'अन अराइभल' भिषा पाउँछन्। अर्थात् पहिले नै भिषा लिइरहनु पर्दैन । चीनको राहदानी ६२ औं स्थानमा छ चीनियाँ नागरिकले ८५ देशमा 'अन अराइभल' भिषा पाउँछन्।

'ह्यानले पासपोर्ट सूचकाङ्क' अन्तर्राष्ट्रिय हवाई यातायात संघबाट प्राप्त तथ्याङ्क तथा जानकारीमा आधारित छ। ह्यानलेको अनुसन्धान विभागले थप खोजी गरेर यो प्रतिवेदन तयार पारेको जनाएको छ।




नेपाली पासपोर्ट सम्बन्धी यो नवीन जानकारी अधिकांश नेपाली नागरिकका लागि स्वभाविक जस्तो लाग्न सक्छ। विगत् दुई दशकदेखि खस्कँदो हैसियतको हाम्रो राहदानीका कारण विदेश जाँदा नेपालीहरूले अनेक अपमान सहनु परेका समाचार आउने गरेका छन्। र, विश्व सम्बन्धका हिसाबले हेर्दा नेपाली अपमानजनक अवस्थामा छन्।

**नेपाली राहदानी किन कमजोर ?**

- नेपालको राहदानी किन यति कमजोर भयो ? विशेषज्ञहरूले अनेक पक्ष र कारणले गर्दा हाम्रो राहदानी कमजोर बन्दै गएको, राष्ट्रको प्रतिष्ठामा आँच आएको र नेपाली नागरिकले विदेश भ्रमण गर्दा अपमान सहनु परेको बताउने गरेका छन्।
- सीमित 'अन अराइभल' भिषाः नेपाली राहदानीले ३८ देशमा मात्र भिषारहित वा अन अराइभल भिषा पाउने गरेको छ। यो भनेको जापान र सिंगापुर जस्ता देशहरूको राहदानीको तुलनामा अत्यन्तै कम। भारत, चीन, श्रीलङ्का भन्दा पनि थोरै। यस्तो प्रतिबन्धित यात्राका कारण नेपाली नागरिकको पर्यटन, शिक्षा, र रोजगारीको अवसरहरूमा नकारात्मक असर गर्ने गरेको छ।
- राजनीतिक र आर्थिक कारणः अस्थिर राजनीति, छोटो अवधिमा सरकार परिवर्तन, र आर्थिक कमजोरी समेतले नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठामा आघात पुर्योएका छन्। त्यसैले कतिपय देश नेपाललाई भिसारहित यात्राको सुविधा दिन चाहँदैनन्।
- सुरक्षा सम्बन्धी चासोः राजनीतिक परिवर्तन, हिँसा, अपराधको वढ्दो क्रम जस्ता कारणले नेपाल प्रति सुरक्षा चासो वृद्धि हुँदै गएको देखिएको छ।
- कूटनीतिक प्रभावको अभावः विश्व समुदायमा नेपालको कूटनीतिक प्रभाव अत्यन्तै न्यून बनेकाले पनि हाम्रो प्रतिष्ठामा प्रतिकूल प्रभाव परेको छ। स्मरणीय छ, दुई–तीन दशक अघि यो सानो, भू–परिवेष्ठित राष्ट्रको प्रतिष्ठा अन्तर्राष्ट्रिय मञ्चमा निक्कै माथि थियो।
- भिषा नियम उल्लङ्घनः विदेश भ्रमणमा जाँदा कतिपय नेपाली नागरिक र पदाधिकारीले भिषाका नियम उल्लङ्घन गर्ने गरेका समाचारहरू आउने गरेका छन्। यसले पनि हाम्रो विश्वसनीयतामा असर पुर्यानएको छ।
- राहदानीको दुरुपयोग, भिसा ओभरस्टेः शरण खोज्ने बहानामा बस्न खोज्ने, अवैध आप्रवासन, र जाली कागजातहरूको बढ्दो प्रयोग।
- विगत् केही वर्ष यता नेपाली राहदानीको प्रतिष्ठा उल्लेखनीय रूपमा घटेको छ। विश्वव्यापी रूपमा, नेपालको राहदानी अन्तिमबाट छैठौं स्थानमा छ। यो स्थितिमा सुधार गरी नेपालको प्रतिष्ठा विश्व समुदाय सामू उच्च पार्न सरकारले तत्काल आवश्यक कदम चाल्नु जरूरी छ। (आदिल अली रूपनगर नन्दराज संग्रौला क्याम्पसमा बिबिएस पहिलो वर्षका विद्यार्थी हुन्।) साभारः रूपनगर क्याम्पस फिचर सेवा।

प्रदूषण

## 'वायु प्रदूषणले मौरीलाई फूल खोज्न कठिन बनायो'



**मधेशदृष्टि**
**वीरगंज ।**

वायु प्रदूषणले फूलको गन्ध कम गर्ने भएकाले मौरीहरूलाई फूल खोज्न कठिन बनाएको एक अध्ययनले देखाएको छ । बेलायतको युके सेन्टर फर इकोलोजी एन्ड हाइड्रोलोजी (युकेसिइएच) र दक्षिणी क्विन्सल्याण्ड विश्वविद्यालय सम्मिलित अनुसन्धान टोलीले ओजोनले फूलहरूको गन्धको आकार र सुगन्धमा ठूलो परिवर्तन ल्याउने हुँदा यसले मौरीहरू घटाएको पत्ता लगाएको छ । अध्ययनअनुसार यसबाट मौरीहरूको केही मिटरको दूरीबाट गन्ध पत्ता लगाउने क्षमता ९० प्रतिशतसम्म कम भएको जनाएको छ । सामान्यतया गाडी र औद्योगिक क्षेत्रबाट निस्किएका नाइट्रोजन अक्साइड सूर्यको प्रकाश र वनस्पतिबाट उत्सर्जन भएका वाष्पशील जैविक यौगिकहरूसँग मिसिएपछि जमिन–स्तरको ओजोन बन्दछ ।

ओजोनले जङ्गली फूलको प्रचुरता र बाली उत्पादनमा नकारात्मक असर पार्ने सम्भावना रहेको अध्ययनको निष्कर्ष छ । आजोनले बोटविरुवाको वृद्धिलाई नोक्सान पु¥याउने हुदाँ खाद्य उत्पादनमा समेत नकारात्मक प्रभाव पारेको हुन्छ । वायु प्रदूषणले मानव स्वास्थ्य, जैविक विविधता र जलवायुमा हानिकारक प्रभाव पारेको थियो । तर अब वायु प्रदूषणले मौरी र अन्य परागकण कीराहरूलाई उनीहरूको मुख्य काम गर्नबाट रोक्ने गरेको पाइएको छ । त्यसैले वायु प्रदूषणमा कमि ल्याएर भविष्यका लागि खाद्य उत्पादन र जैविक विविधताको रक्षामा मद्दत गर्न चेतावनीका रूपमा काम गर्नुपर्ने अनुसन्धानमा संलग्न प्रोफेसर क्रिस्चियन प्रफ्राङले बताएका छन् । एजेन्सी

अन्तर्राष्ट्रिय

## भेनेजुएलाको राष्ट्रिपतिमा मडुरो चौथो पटक विजयी

**एएफपी**
**काराकस ।**

भेनेजुएलाको राष्ट्रपति चुनावमा निकोलस मडुरो चौथो कार्यकालका लागि विजयी घोषित भएका छन् । मडुरोले ५१.२ प्रतिशत मत प्राप्त गरी विजयी भएका र विपक्षी उम्मेदवार एडमुन्डो गोन्जालेज उरुटियाले ४४.२ प्रतिशत मत प्राप्त गरेको निर्वाचन परिषद्ले जनाएको छ । विपक्षी र क्षेत्रीय छिमेकी केही मुलुकले तत्काल आधिकारिक नतिजालाई अमान्य बताएका छन् ।



निर्वाचन परिषद्बाट मतपरिणामको घोषणापछि राष्ट्रपति मडुरोले राष्ट्रपति भवनमा समर्थकहरूलाई सम्बोधन गरेका छन् । सम्बोधनमा उनले भने, 'भेनेजुएला र विश्वका जनतासामु बोलिभारियाली गणतन्त्र भेनेजुएलाको पुनः निर्वाचित राष्ट्रपतिमा म निर्वाचित भएको छु । मेरो आगामी जिम्मेवारी देशमा शान्ति, स्थायित्व र न्यायका लागि हुनेछ । सबैले शान्ति र सुव्यवस्थाको सम्मान गरौँ ।'

तर भेनेजुएलाको विपक्षी गठबन्धनले निर्वाचन परिषद् तथ्याङ्क (मत परिणाम) लाई अस्वीकार गर्दै आफूले ७० प्रतिशत मत प्राप्त गरेको दाबी गरेको छ । 'हामी भेनेजुएला र विश्व समुदायलाई भेनेजुएलाको नयाँ राष्ट्रपतिमा डमुन्डो गोन्जालेज उरुटिया निर्वाचित भएको जानकारी गराउन चाहन्छौँ' विपक्षी नेता मारिया कोरिना माचाडोले पत्रकार सम्मेलन गरी बताए । उनले चुनावमा आफ्नो दलले बृहत् समर्थनसहित निर्वाचित बनेको दावी गरे । कोस्टारिकाका राष्ट्रपति रोड्रिगो चाभेजले नतिजालाई 'कपटपूर्ण' भन्दै निर्वाचनको आधिकारिकतामाथि प्रश्न उठाएका छन् भने चिलीका राष्ट्रपतिले परिणामलाई 'विश्वास गर्न' कठिन भनी प्रतिक्रिया दिएका छन् । पेरुले मतपरिणामबारे परामर्शका लागि आफ्ना राजदूतलाई फिर्ता बोलाएको बताएको छ ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले भेनेजुएलाको निर्वाचन परिणामले भेनेजुएलाका मतदाताको इच्छालाई प्रतिबिम्बित नगरेको भन्दै मतपरिणामप्रति अविश्वास प्रकट गरेका छन् ।

# प्रहरी असई यादव किशोरीसँग आपत्तिजनक अवस्थामा फेला स्थानीयले बुझाए जिप्रका

**मधेशदृष्टि**
**सर्लाही ।**
जिल्ला प्रहरी कार्यालय सर्लाहीमा कार्यरत प्रहरी असई तेजनारायण यादव किशोरीसँग आपत्तिजनक अवस्थामा फेला परेपछि स्थानीयले नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय सर्लाहीलाई बुझाएका छन् ।

साउन ९ गते राति करिब २ बजे असई यादव मलंगवाको युनिक होटलमा काम गर्ने एक किशोरीसँग अगर्वा र झिम नदीको वीचमा चउरमा आपत्तिजनक अवस्थामा स्थानीयले फेला पारेपछि नियन्त्रणमा लिन खोज्दा असई यादवले स्थानीयलाई पेस्तोल ताकेपछि त्रसित भएका स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।

सादा पोशाकमा रहेका असई यादवलाई प्रहरी हो भन्ने कन्फर्म गरेपछि स्थानीयले कुटपिट गरी किशोरीसहित असई यादवलाई जिल्ला प्रहरी कार्यालय सर्लाहीलाई खबरगरी पठाएका प्रहरी स्रोतको दाबी छ । प्रहरी स्रोतका अनुसार अगर्वा र झिम नदीको विचमा खुल्ला चउरामा साउन ९ गते राति करिब २ बजे एउटी किशोरीसँग आपत्तिजनक अवस्थामा फेलापारी नियन्त्रणमा लिएर कुटपिट गरी किशोरी र असई यादवलाई लागि जिल्ला प्रहरी कार्यालय सर्लाहीको जिम्मा लगाएका हुन् ।

असई यादवसहित किशोरीलाई जिल्ला प्रहरी कार्यालय सर्लाहीको हिरासतमा राखिएको भए पनि जाहेरी नपरेका कारण म्याद थप नगरिएको र जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख एवम प्रहरी उपरीक्षक रविन्द्र बहादुर सिंहका खास मानिस रहेकाले उनलाई छाडिएको पाइएको छ ।

असई यादव जिल्ला प्रहरी कार्यालय सर्लाहीका घुमुवा कमाण्डर पनि हुन् । प्रहरी संगठनको आचरण विपरित सादा पोशाकमा जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख सिंह र प्रहरी प्रवक्ता एवम प्रहरी नायव उपरिक्षक दिपक श्रेष्ठले कमिसन असुल्न असई यादवको कमाण्डमा सादा पोशाकमा प्रहरी कर्माचारीहरु परिचालन गरेका पाइएको छ । प्रहरी संगठनमा सादा पोशाकमा प्रहरी कर्माचारीहरु परिचालन गर्ने प्रावधान नरहे पनि अपराध न्युनिकरण गर्न भन्दै सादा पोशाकमा परिचालन गरिएका प्रहरी कर्माचारीहरुकै कारण प्रहरी संगठन बदनाम भएको प्रहरी अधिकारीहरु नै बताउँछन् ।

## २२ सचिवको सरुवा

सरकारले एकैपटक २२ सचिवको सरुवा गरेको छ । सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले सचिवहरुको सरुवा गरेको हो । राजश्व सचिव डा.रामप्रसाद घिमिरे अर्थ सचिव भएका छन् भने अर्थ सचिव मधुकुमार मरासिनी उपराष्ट्रपति कार्यालय पठाइएका छन् । राजश्व सचिवमा वाणिज्य सचिव दिनेशकुमार घिमिरे आएका छन् । यस्तै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव घनश्याम उपाध्याय अख्तियार पठाइएका छन् भने श्रम मन्त्रालयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौला आएका छन् । बैठकले १८ देशका लागि राजदुत पनि नियुक्त गरेको छ ।

# मन्त्री क्षेत्रीलाई वीरगंजमा स्वागत

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सरकारका नवनियुक्त भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीलाई वीरगंजमा स्वागत गरिएको छ । सोमबार पोखरीया नगरपालिकाका विभिन्न वडाहरुमा छुट्टाछुटै कार्यक्रमको आयोजना गरी मन्त्री क्षेत्रीलाई स्वागत गरिएको हो । पोखरिया नगरपालिकाको वडा नम्बर ४ पोखरिया, वडा नम्बर ५ सतवरिया, वडा नम्बर ६ श्रीसिया, वडा नम्बर ७ रानिगंज रहरिया, वडा नम्बर ८ को जगतपुरमन्नपुर, वडा नम्बर ९ को सेमरवारीबर्वा बैरिया र वडा नम्बर १० को बर्वामा नेपाली कांग्रेस पर्साका सभापति समेत रहेका मधेश सरकारका नवनियुक्त भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री सिंहलाई स्वागत गरिएको थियो । कार्यक्रममा विभिन्न वडाबाट निर्वाचित वडाध्यक्षहरु, राजनीतिक दलका प्रतिनिधि, स्थानीय, समाजसेवी, बुद्धिजीवीहरुको सहभागिता रहेको थियो ।

# भाजपा बिहार अध्यक्षको स्वागत




**मिश्रीलाल मधुकर**
**पटना ।**
भारतीय जनता पार्टीका नवनियुक्त प्रदेश अध्यक्ष डा. दिलीप जयसवाललाई पटनाको अटल सभागृहमा स्वागत भएको छ । दिल्लीबाट पटना पुगेपछि पटनाका विभिन्न स्थानमा पार्टीका नेता, कार्यकर्ता, वैश्य समाजका प्रतिनिधि र अन्य संघसंस्थाका कार्यकर्ताले पुष्पगुच्छा र मालाले उनलाई स्वागत गरेका थिए ।

अटल सभागृहमा पूर्वउपमुख्यमन्त्री सम्राट चौधरी, विजय सिंहा, मन्त्री प्रेमकुमार, विधान परिषद्का उपनेता राजेन्द्र गुप्तालगायत धेरै नेता तथा मन्त्रीले बधाई तथा सफल कार्यकालको कामना गरेका थिए । जयसवालले अनेक चुनौती भए पनि शीर्ष नेतृत्वले दिएको जिम्मेवारी इमान्दारिताका साथ निर्वाह गरिने प्रतिवद्धता जनाए । कार्यक्रममा भाजपा नेता विनोद प्रसाद, झंझारपुर जिल्ला प्रभारी जनमेजय सिंह, क्रीडा प्रकोष्ठका बिहार प्रदेशका क्षेत्रीय इन्चार्ज स्वर्णिम गुप्ताले पनि अध्यक्ष जयसवाललाई बधाई तथा सफल कार्यकालको शुभकामना दिएका थिए ।

# कुटपिटबाट एक जनाको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको धनुषाधाम नगरपालिका वडा नम्बर २ मंगलपुरमा कुटपिट गरी एक जनाको हत्या गरिएको छ ।

सोमबार बिहान ११:५० बजेको समयमा पुरानो रिसिइबीको कारण कुटपिट गर्दा स्थानीय ४५ वर्षीय भोगेन्द्र ठाकुरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक रञ्जन अवाले जानकारी दिए । स्थानीय ४५ वर्षीय सुरभी मुखिया र उनको २१ वर्षीय छोरा नागेश्वर कुमार मुखियाले सोही स्थान बस्ने ४५ वर्षिय भोगेन्द्र ठाकुर र उनको श्रीमती अन्दाजी ३५ वर्षीय चान्दी ठाकुरलाई कुटपिट गर्दा कुटपिटबाट ठाकुर दम्पतीको टाउको र शरिरको विभिन्न भागमा चोटपटक लागेको थियो ।

घाइते दुबै जनालाई उपचारको लागि प्रादेशिक अस्पतालमा ल्याएकोमा भोगेन्द्र ठाकुरको उपचारको क्रममा मृत्यु भएको हो ।

१२:४५ बजे चिकित्सकले उनलाई मृत घोषणा गरेका प्रवक्ता अवाले बताए । प्रहरी प्रवक्ता अवाका अनुसार शव प्रादेशिक अस्पतालमै रहेको छ भने कुटपिट गर्ने आमा–छोरा प्रहरीको नियन्त्रणमा रहेको छ । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको उनले बताए ।

# वीरगंजमा हृदेन्द्र विक्रम शाहको जन्मोत्सव मनाइयो



**मधेशदृष्टि**
**वीरगंज ।**
देशभक्त राजभक्त समूहले वीरगंजमा पूर्व नवयुवराज हृदेन्द्र विक्रम शाहको २३औँ जन्मोत्सव मनाएको छ । देशभक्त राजभक्त समूहका अध्यक्ष दिपेन्द्र प्रसाद रौनियारको अध्यक्षतामा सोमबार वीरगंजको महावीर मन्दिर प्राङ्गणमा एक समारोहको आयोजना गरी जन्मोत्सव मनाइएको हो ।

कार्यक्रममा समूहका उपाध्यक्ष सतिश कुमार श्रीवास्तव, समाजसेवी पशुपति विक्रम शाह, अब्दुल सतार अन्सारी, ध्रुव सिंह ठकुरी, विरेन्द्र थापा, रामनारायण शाह, अन्जु राणा, दिनानाथ यादव, शम्भु प्रसाद चौरसिया, महेन्द्र प्रसाद साह, ओम प्रकाश उपाध्यायलगायतको सहभागिता रहेको थियो । त्यसैगरी सोही अवसरमा नेपाल राष्ट्रवाद संघले शुभकामना ¥याली निकालेको थियो । वीरगंजको घण्टाघरबाट निस्किएको ¥यालीले नगर परिक्रमा गरेको थियो । ¥याली पछि आयोजित सभालाई संघका केन्द्रिय अध्यक्ष जनकलाल शाहले सम्बोधन गरेका थिए भने ¥यालीमा जिल्ला अध्यक्ष संगिता देवी शाह, उमाशंकर प्रसाद, सन्तोष गुप्ता, हरेराम साह, पृथ्वी झालगायतको सहभागिता रहेको थियो ।

# उद्योगहरुमा महानगरले पुनः थुपारिदियो फोहोर



**मधेशदृष्टि**
**वीरगंज ।**
सिर्सिया नदी प्रदूषित गर्ने उद्योगहरुमा वीरगंज महानगरपालिकाले सोमबार पनि फोहोर लगेर थुपारिदिएको छ । वीरगंज महानगरपालिकाका नगर प्रहरीसहित कर्मचारीको टोलीले वडा नम्बर २१ परवानीपुरस्थित अर्निका प्रोसेसिङ उद्योग प्राली र श्रीसिद्धि टेक्सटाइल्स प्रालीमा २० ट्याक्टर फोहोर लगेर उद्योगभित्रको परिसरमा थुपारिदिएको हो । यसअघि आइतबार पनि महानगरको टोलीले ती दुवै उद्योगसँगै मोरियम लेदर इण्डस्ट्रिजमा कचरासहितको फोहोर लगेर थुपारिदिएको थियो ।

नदीमा प्रदुषण नगर्न पटक–पटक चेतावनी दिनुका साथै आर्थिक जरिवाना गर्दा पनि अटेर गरेपछि वीरगंज महानगरपालिकाले नदी प्रदूषित गर्ने उद्योगहरुमा शहरबाट संकलन गरिएका कचरासहितको फोहोर ट्याक्टरमा लगेर उद्योगमा थुपार्न थालेको हो । वीरगंजको लाइफलाइनका रुपमा रहेको सिर्सिया नदी विगत तीन दशक बढी समयदेखि पर्सा बारा औद्योगिक कोरिडोरमा रहेकामध्ये २० भन्दाबढी उद्योगहरुले प्रदूषित गर्दै आइरहेका छन् । आइतबार अर्निका प्रोसेसिङ उद्योग प्राली र श्रीसिद्धि टेक्सटाइल्सका मजदुरहरुले महानगरपालिकाले उद्योग परिसरमा फोहोर फालेको भन्दै विरोध गरेपछि सोमबार महानगरपालिकाका सम्पूर्ण सफाइ कर्मचारीको टोली झाडु जुलुससहित फोहोर लिएर उद्योगहरुमा पुगेको थियो ।

# जलेश्वरनाथ मन्दिरको महिमा ...



निकै घुइँचो लाग्ने गरेको छ । सोमबारी पर्वका अवसर पारेर बाबा जलेश्वरनाथ मन्दिरलाई दुलही झैँ सिङ्गारिएको छ । मन्दिरभरि तथा मन्दिर परिसरमा भव्य झिलीमिली बत्ती, फूलमालाले सजाइएको छ । मन्दिरको पाँच सय मिटर टाढासम्म शिवभक्तिका गीत–सङ्गीतले जलेश्वर गुञ्जायमान बनेको छ ।

जलेश्वरनाथको महिमा नेपालमा मात्र नभई भारतमा समेत रहेको छ । बर्सेनि बाबा जलेश्वरनाथको दर्शनका लागि हजारौँ दर्शनार्थी आउने गर्दछन् । यस वर्ष पनि बाबा जलेश्वरनाथ महालिङ्गको दर्शन आठदेखि १० लाख भक्तजन आउने अनुमान गरिएको छ । महाशिवरात्रि र प्रत्येक महिनाको पहिलो सोमबारको दिन विशेष मेला लाग्ने गर्दछ । ठूलो धार्मिक महत्व बोकेको यस मन्दिरको स्थापना कहिले भएको भन्नेबारेमा भने कुनै ठोस प्रमाण भेटिएको छैन । मन्दिरको मूल गुफामा लेखिएको छ, 'जलेश्वरो महालिङ्ग रुद्रेन स्थापित स्वयम' अर्थात् जलेश्वरनाथ महालिङ्ग स्वयं महादेवले स्थापना गरेका हुन् ।

बाबा जगदीशनाथले कसरी बनाउने, जङ्गलमा बाघ, भालु, हात्तीजस्ता खतरनाक जनावरहरु रहेको यस ठाउँमा कोही पनि कामदार काम गर्न नआउने भनेपछि स्वयं रुद्र (महादेव) ले जलेश्वरनाथको मूल गुफासहितको मन्दिर प्रकट गरिदिएको शिवपुराणमा उल्लेख छ ।

जलेश्वरनाथ महादेवको ठीक अगाडि रहेको बरुण सरोवरमा स्नान मात्र र बाबा जलेश्वरनाथ महादेवको दर्शन मात्रले प्राणी मात्रले मुक्ति पाउने गर्दछ । त्यसबेला यस महादेव मन्दिरमा पूजाआजा द्वेन्द्र गिरी नामका पूजारीले लामो समयसम्म बाबा जलेश्वरनाथको सेवा गरेका थिए ।

अनादिकालमा जलेश्वर घनाजङ्गल रहेको बेला बाबा जगदीशनाथ, चतुर्भुजनाथ र तसमैया बाबा आएर जलेश्वरमा बसेको बेला स्वयं महादेवले बाबा जगदीशनाथलाई सपनामा आएर जलेश्वरमा महादेवको मन्दिर निर्माण गर्न आदेश दिएको किंवदन्ती रहेको जलेश्वरनाथ महादेवका मूल पुजारी उपेन्द्र पाठकले बताए । उनका अनुसार रुद्रले स्वयं गुफासहितको मन्दिर निर्माण गरिदिएपछि बाबा जगदीशनाथले नित्य पूजाआजाका साथै यस मन्दिर र महादेवका बारेमा प्रचारप्रसार गरे । बाबा जलेश्वरनाथ महादेवको मन्दिरमा साक्षात् शिवको बास रहेको र चोखो मन वचनले भाकल गर्नेको मनोकामना अवश्य नै पूरा हुने गरेको जनविश्वास रहिआएको पुजारी पाठक बताउँछन् । बाबा महादेवको चौतर्फी चर्चा परिचर्चा गरेर प्रख्यात बनाउन भूमिका खेलेको जगदीशनाथ जीवनको अन्तिमकालमा बाबाको मन्दिरको ठीक सामुनेमा समाधि लिएका थिए ।

मन्दिरका अर्को पुजारी कामेश्वर पाठकका अनुसार बाबा जगदीशनाथले कसरी बनाउने, जङ्गलमा बाघ, भालु, हात्तीजस्ता खतरनाक जनावरहरु रहेको यस ठाउँमा कोही पनि कामदार काम गर्न नआउने भनेपछि स्वयं रुद्र (महादेव) ले जलेश्वरनाथको मूल गुफासहितको मन्दिर प्रकट गरिएको शिवमहापुराणमा उल्लेख छ । जलेश्वरनाथ महादेवको मूल गुफा जमिनको सतहदेखि १६ सिँढी (भर्याङ) मुनि जमिनभित्र रहेको छ जहाँ २४ घण्टा जल भरिएको हुन्छ र बाबा जलेश्वरनाथ महादेव वर्षको तीन सय ६५ दिन जलमै विराजमान रहन्छन् । मन्दिरभित्र करिब २० फिटमुनि जलमा बास बसेका महादेवको दर्शन गर्न मन्दिरभित्रको जल बाहिर फ्याँकेपछि मात्रै सम्भव हुने गर्दछ ।

मन्दिरको पानी फ्यालेर शिवलिङ्गको दर्शन गराउने चलन रहेकामा यसभित्रका पानी मोटर वा दमकल लगाएर फ्याँकिदा पनि सक्दैनन् । यसका लागि धेरैले धेरैपटक प्रयास गरिसके पनि सकेका छैनन् तर मानव शक्तिले बाल्टिनको सहयोगमा पानी फालेमा मन्दिरको गुफा सुक्ने र भक्तजनले दर्शन गर्ने गर्ने गरेको पुजारी पाठकको भनाइ छ । एकछिनमै पुनः पानी भरिने हुँदा पटकपटक पानी फ्याँकेर भक्तजनको दर्शन गराउने गरिएको उनी बताउँछन् ।

**मन्दिर सञ्चालनमै समस्या**

कुनैबेला अथाह चलअचल सम्पत्ति रहेको यस मन्दिर अहिले सञ्चालन हुन नै समस्यामा रहेको छ । १८६७ सालमा राजा गिर्वाणयुद्धविक्रम शाहले महोत्तरीको तत्कालीन कञ्चनपुर गाउँस्थित जङ्गल (हाल रामगोपालपुर नगरपालिका–७) मा सिकार खेल्न गएको बेला जलेश्वरनाथ महादेव मन्दिरलाई सञ्चालन, व्यवस्थापन र पूजाआजाका लागि दुई सय ७५ बिगाहा जग्गा र चारवटा महापोखरी मौजाका रुपमा दान दिएको ताम्रपत्रमा उल्लेख छ ।

मौजेका रुपमा मन्दिरले जलेश्वर मौजे, बजराही मौजे, बहेरा मौजे, डाम्ही महेशपुर मौजेलगायत मौजेहरु पाएका थिए भने बरुण सरोवर, पुरन्दर सरोवर, मखान पोखरी र महन्थ पोखरीजस्ता महापोखरीहरु पनि पाएको थियो । लामो समयसम्म बाबा जलेश्वरनाथसँग रहेको दर्जनौँ मौजे र महापोखरीहरुबाट आएका आम्दानीबाट मन्दिरको दैनिक पूजाआजा, भगवान् शिवको भोग, साधुसन्तको भण्डारा र आगन्तुकहरुको स्वागत सत्कार समेत हुने गरेको थियो ।

मन्दिरसँग सयौँ बिगाहा जग्गा र चार महत्वपूर्ण पोखरी रहेकाले निकै भव्य तरिकाले सञ्चालन, व्यवस्थापन हुँदै आएको थियो तर समय बित्दै जाँदा पद्मशमशेरको पालामा यस मन्दिरको अधीनमा रहेको जग्गाहरु आफ्ना गुरु पुरोहित गोपालबहादुर उपाध्याय, रामबहादुर उपाध्यायलगायत चार÷पाँच दाजुभाइलाई दान दिएको चर्चा छ । पद्मशमशेरले दान दिएपछि गुरु पुरोहित र उनका सन्तानले मन्दिरका मौजेहरु बेचेर खाएपछि विस्तारै मन्दिरको आर्थिक अवस्था कमजोर हुँदै गएको पुजारी पाठक बताउँछन् । १९९५ सालमा बडाहाकिम रामशमशेरले जलेश्वरनाथ महादेवको भित्री गुफासहितको मन्दिरको माथि पुनः आकर्षक र ठूल–ठूला बुर्जासहितको अद्वितीय मन्दिर निर्माण गरे । यस मन्दिर निर्माण गर्न उनले २५ हजार रुपैयाँ खर्च गरेका थिए । महामन्दिर निर्माण गर्न सख्खर, उरिद, चुन, सुरखी, कत्थालगायत वस्तुहरुको प्रयोग गरिएको थियो ।

मन्दिर निर्माणको बेला जलेश्वरनाथ महादेव मन्दिरको पुजारी राजनारायण गिरी रहेको उल्लेख छ । विसं १९८३ को स्रेस्तामा सयौँ बिगाहा जग्गा मन्दिरको नाउँमै उल्लेख रहेको देखाउँछ भने २००२ सालसम्म मन्दिरको महन्थको नाउँमा मौजेहरु रहेको उल्लेख छ तर मन्दिरका सयौँ बिगाहा जग्गाको मौजे २००८ सालबाट हराएको छ । दानको नाउँमा जग्गा हराए भन्ने मन्दिरका चार महापोखरी अहिले जलेश्वर नगरपालिकाको कब्जामा छ । अहिले दैनिक भक्तजनको दान, चन्दा र सहयोग निर्भर हुन पुगेको पुजारीको भनाइ छ । मन्दिरको अवस्था अवलोकनका लागि पुरातत्व विभागबाट पनि चार/ पाँचपटक विज्ञहरु आई मन्दिरको अवस्था हेरेर गएको भए पनि जीर्णोद्धार तथा मर्मतसम्भारका लागि कतैबाट कुनै सहयोग नआएको पुजारीहरुको गुनासो छ । जलेश्वर नगरपालिकाका प्रमुख सुरेशसाह सोनारले मन्दिरको संरक्षणका लागि विशेष पहल र बृहत् योजना बनाउनुपर्ने बताउँछन् । रासस

# शिव मन्दिरहरूमा दर्शनार्थीको भीड

**मधेशदृष्टि**
**वीरगंज ।**
साउन महिनाको दोस्रो सोमबार भक्तजनहरूले वीरगंजको प्रमुख शिव मन्दिरहरूमा दर्शन र पूजा आराधना गरेका छन् । अलखियामठस्थित मन्दिर र चिनीमिलस्थित पशुपतिनाथको मन्दिर लगायतका शिव मन्दिरहरूमा बिहानैदेखि भक्तजनहरूको भीड लागेको थियो । साउन महिनाका सोमबारहरू विशेष मानिन्छन् । यस महिनामा भक्तजनहरूले व्रत बसेर शिव मन्दिरमा दूध र जल चढाई पूजा गर्ने प्रचलन छ । यो धार्मिक परम्परा अनुसार, यसरी पूजा गरेमा मनले चिताएको पूरा हुने विश्वास छ । यस वर्ष साउन महिनामा चारवटा सोमबार परेका छन् । प्रत्येक सोमबार भक्तजनहरूले रातो, हरियो र पहेंलो वस्त्र धारण गरेर भगवान शिवको आराधना गर्छन् । यस अवधिमा विशेष गरी महिलाहरूले हरियो चुरा र मेहन्दी लगाएर सिँगारिने गर्छन्, जसले सौभाग्य र समृद्धिको प्रतीक मानिन्छ । हरियो चुरा लगाएर पूजा गर्दा भगवान शिवको कृपा प्राप्त हुने धार्मिक विश्वास रहेको छ । साउन महिनाको यी पावन सोमबारहरूमा वीरगंजका शिव मन्दिरहरूमा देखिएको भक्तजनहरूको उत्साह र आस्थाले धार्मिक र सांस्कृतिक विविधता झल्काउँछ । शिवजीको आराधनामा लीन भक्तजनहरूको भिडले साउन महिना विशेष बनाएर मनाउने परम्परालाई जीवन्त राखेको छ ।

# मालिङ्गो होटलमा प्रहरीको छापाः दुई महिलासहित ६ जना पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
पूर्व पश्चिम राजमार्गसँग जोडिएको रौतहटको चन्द्रनिगापुरमा स्थित मालिङ्गो होटलमा प्रहरीले छापामारी दुईजना महिलासहीत ६ जनालाई नियन्त्रणमा लिएको छ । होटलमा यौन कारोबार चलिरहेको सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरका प्रमुख डिएसपी राजकुमार राईको निर्देशनमा गएको टोलीले छापामारी गरी ६ जनालाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा दुईजना युवती र होटल सञ्चालकसहित चारजना युवक रहेका छन् ।
जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले घटनाको पुष्टी गर्दै नियमित चेकजाँच होटल अनुगमनको क्रममा उनीहरू पक्राउ परेको तथा आवशयक अनुसन्धान भइरहेको जानकारी दिइन् । पछिल्लो समयमा चन्द्रनिाहपुर स्थित ठूला साना अधिकांश होटलमा यौनजन्य क्रियाकलाप हुनुका साथै चन्द्रपुर नगरपालिका लागुऔषध कारोवारको हब बन्दै गएको छ ।
तीन दिनअघि मात्र ईलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरको प्रमुखको रूपमा कमाण्ड सम्हालेका डिएसपी राईले आफ्नो कार्यक्षेत्र भित्र यौन व्यवसाय, लागुऔषध कारोबारसँगै आपराधिक क्रियाकलाप नियन्त्रण गर्ने प्रतिवद्धता जनाएका छन् ।
डिएसपी राईले सोमबार सञ्चारकर्मीसँग कुरा गर्दै यौन व्यवसाय र लागुऔषध कारोबार नियन्त्रण गर्ने आफ्नो पहिलो लक्ष्य रहेको बताएका थिए ।

# किसानलाई सहज हुनेगरी आयोजना अगाडि बढाउनुपर्नेमा जोड

**मधेशदृष्टि**
**वीरगंज ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले किसानलाई सहज हुनेगरी सिँचाइका आयोजनालाई अगाडि बढाउनुपर्नेमा जोड दिएका छन् । नवीनतम यान्त्रिक सिँचाइ आयोजनासँग सोमबार मन्त्रालयमा भएको छलफलमा मन्त्री खड्काले नयाँ आयोजना निर्माण गर्दा किसानलाई कसरी सहुलियत प्रदान गर्न सकिन्छ त्यसबारे सोच्नुपर्ने बताए । मन्त्री खड्काले आयोजना अगाडि बढाउन आवश्यक पर्ने लागतका बारेमा अर्थ मन्त्रालयसँग छलफल गर्ने प्रतिबद्धता जनाए । सुरुमा सर्लाही र रौतहट जिल्लाको १६ स्थानीय तहका २२ हजार चार सय हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पु¥याउने उद्देश्यले आयोजनालाई अगाडि बढाइएको आयोजनाका प्रमुख अजयराज अधिकारीले जानकारी दिए । 'डिप ट्युबेल' र 'प्रिपेड कार्ड'मार्फत किसानको खेतमा सिँचाइ सुविधा लैजाने उद्देश्यले आयोजनालाई अगाडि बढाइएको जनाउँदै उक्त आयोजना चार वर्षभित्र सम्पन्न गरिसक्ने लक्ष्य राखिएको उनले बताए । आयोजना सम्पन्न भएमा किसानले सिँचाइका लागि एक हजार लिटर पानी तीन रुपैयाँमा उपभोग गर्न पाउनेछन् । आयोजनाका लागि ७८ प्रतिशत एशियाली विकास बैँक र २२ प्रतिशत नेपाल सरकारले लगानी रहेको छ ।

# उपमेयर आलमद्वारा कृषिमन्त्री सिंहलाई सम्मान

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सरकारका भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीलाई वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले आफ्नो कार्यकक्षमा सम्मान गरेका छन् । महानगरपालिकाका वडा अध्यक्षहरुले टीका र खादा ओढाई मन्त्री सिंहलाई बधाई तथा कार्यकालको शुभकामना दिए । उनीहरुले वडामा रहेका कृषि तथा सिँचाईको समस्या बारेमा अवगत गराएका थिए । मधेश प्रदेशको एक मात्र महानगरपालिका रहेको वीरगंज महानगरलाई बजेट उपलब्ध गराई सहयोग गर्न र सहकार्य गरि अघि बढन उप प्रमुख इम्तियाज आलमले मन्त्री सिंहसँग आग्रह गरे । महानगरमा देखिएका कृषि, सिचाई र सहकारी समस्याको समाधान गर्न मन्त्री सिंहले पहल गर्ने आश्वासन दिए ।

# बाघ–मित्र मधेश–अभियानको घोषणा

मधेशदृष्टि
वीरगंज ।
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले बाघ–मित्र मधेश–अभियानको घोषणा गरेका छन् । विश्व बाघ दिवशको अवसरमा सोमबार पर्सा वन्यजन्तु आरक्ष कार्यालय आधाभारमा आयोजित मानव बाघ सहअस्तित्व र समृद्धि विषयक अन्तरक्रियालाई सम्बोधन गर्दै उनले यस्तो उद्घोष गरेका हुन् । मुख्यमन्त्री सिंहले अभियान सञ्चालन गर्न परियोजना प्रस्ताव गरी पेस गर्न निकुन्जका वरिष्ठ संरक्षण अधिकृत रामचन्द्र खतिवडाको संयोजकत्वमा डिभिजन वन कार्यालय पर्सा र बाराका प्रमुखहरूसमेत रहेको ३ सदस्यीय कार्यदल गठन गरिएको बताए । उनले आफ्नो कार्यकाल जति अवधिको भएपनि पर्यटन क्षेत्रको विकासका लागि सक्दो कार्य गर्ने प्रतिबद्धता जनाए । पर्सा निकुन्जको प्रवद्र्धनका लागि मधेश प्रदेश सरकारले फास्ट ट्र्याकमा काम गर्ने र यसका लागि आवश्यक ऐन कानुनहरू पनि बनाउने उनले बताए ।

# बृहत्तर जनकपुरमा चुलिँदै विवाद, खुम्चिँदै प्रतिष्ठा

**टिकाराम सुनार**
**काठमाडौँ ।**
आर्यचिन्तन परम्पराको केन्द्र जनकपुरधाम आदिकालदेखि नै आफैँमा बृहत् छ । पछिल्लो समय 'बृहत्' भनेर महिमागान हुने जनकपुरका ती आधारहरू निरन्तर कमजोर हुँदै गइरहेका छन् । धार्मिक अनुष्ठानका लागि दानीहरूले दिएका भूमि अतिक्रमणमा परेका छन् । विद्वान÷विदुषीहरूले बसालेको चिन्तन परम्परा र तिनको संरक्षणका लागि बनाइएका धार्मिक तथा गैरधार्मिक प्रतिष्ठानहरू विवाद तथा बेथितिको चाङमाथि उभिएका छन् । त्यसको एउटा उदाहरण हो–बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् । जनकपुरधाम उपमहानगरपालिका–७ स्थित बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, कार्यालयको प्रवेशद्वारमा लामो समयसम्म लेखियो–अध्यक्षलाई प्रवेश निषेध । यसरी निषेध गर्ने कर्मचारीको आरोप छ–अध्यक्षले ऐनमा हुँदै नभएको अधिकार प्रयोग गरी अनियमित लाभ खोजे, बृहत्तरको गरिमा राख्न सकेनन् र कर्मचारीलाई दुःख दिएर बृहत्तरको उद्देश्य पूर्तिमा अड्चन खडा गरे । परिषद्का अध्यक्ष शीतल साह भने त्यसलाई स्वीकार्न तयार छैनन् । उनको दाबी छ, 'कर्मचारीहरुले वर्षौंदेखि चलाइरहेको गैरकानुनी रजगज तोड्न खोज्दा आफूलाई नै निषेध गरियो । कर्मचारीले लगाएका आरोप आधारहीन छन् ।' अध्यक्ष र कर्मचारीबीच हुने यस्तो विवाद तथा आरोप–प्रत्यारोप पहिलोपटक भने होइन । संस्था स्थापना भएदेखि नै विभिन्न नाममा हुने विवादको उत्कर्ष मात्रै हो । विवाद, निषेध र आरोप–प्रत्यारोपको शृङ्खला बीच यस संस्थाको अस्तित्व नै सङ्कटमा छ । एकले अर्काविरूद्ध सार्वजनिकरूपमै वक्तव्यबाजी मात्रै होइन अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मुद्दामाथि मुद्दा हाल्ने काम जारी छ ।

परिषद् ऐन २०५५ को दफा ६ अनुसार संस्थाको सर्वोच्च निकायका रूपमा सञ्चालक परिषद् र अध्यक्ष छन् । परिषद्लाई सहयोग गर्न सचिवालय र कर्मचारी छन् । तर यी दुवै तहबीच हाल सामान्य सहकार्यको अवस्था पनि छैन । यसकारण संस्थाको औचित्य पुष्टि गर्ने गरी काम हुन नसक्दा संस्था नै दिनप्रतिदिन सङ्कटमा फस्दै गएको छ । त्यो सङ्कट टार्न न सरकारका तर्फबाट ठोस पहल भएको छ न त अरू सरोकार भएकाहरूबाट ।

**प्रतिष्ठित नेतृत्व तर प्रतिष्ठा नै धरापमा**

विसं २०४९ मा परिषद् स्थापना भएदेखि हालसम्म १० जना अध्यक्ष र १७ जना कार्यकारी निर्देशक नियुक्त भए । जनकपुर बृहत्तर विकास समिति हुँदा पहिलो अध्यक्ष थिइन् लिला कोइराला (विसं २०४९/१०/१७—०५१/१०/१८) । त्यसपछि दिनेशचन्द्र यादव (२०५२ माघ ११ सम्म), महेन्द्रनारायण निधि दुई कार्यकाल (२०५६ वैशाख २० सम्म), नरेन्द्रकुमार मिश्र (२०६० असोज १२ सम्म), भोजराज घिमिरे (२०६३ साउन ८ सम्म), रामचन्द्र झा (२०६४ फागुन १२ सम्म) । त्यसपछि रामचन्द्र मण्डल, दिगम्बर राय, रामकुमार शर्मा, शालिग्राम सिंह र हाल शीतल साह परिषद्को अध्यक्ष छन् । प्रथम अध्यक्ष लिला कोइरालादेखि शीतल साहसम्म सबैजना आफ्नो क्षेत्रमा ख्यातिप्राप्त व्यक्तित्व हुन् । निधि त नेपाली कांग्रेसमा पार्टी संस्थापक नेताहरूको समकक्षी, राष्ट्र गौरवको सम्मान प्राप्त व्यक्ति पनि हुन् । नेपाली राजनीतिमा निधि परिवार अहिले पनि उत्तिकै प्रभावशाली छ । यस परिवारबाट पुत्र विमलेन्द्र निधि अहिले पनि शक्तिमै छन् । त्यसैगरी, रामचन्द्र झा मन्त्री भए । तत्कालीन एमालेमा, पछि माओवादी केन्द्रमा र हाल एकीकृत समाजवादी अर्थात् जहाँ हुँदा पनि उनी सधैँ प्रभावशाली नेताकै रूपमा रहे । पूर्वअध्यक्षमध्येका रामचन्द्र मण्डल अहिले मधेश प्रदेशसभाको सभामुख छन् । मण्डल हिजोदेखि आजसम्म शक्तिमै छन् । अहिलेका अध्यक्ष साह पनि नेपाल पत्रकार महासङ्घको पूर्वकेन्द्रीय कोषाध्यक्ष भइसकेका व्यक्ति हुन् । यस्ता प्रतिष्ठित व्यक्तित्वले नेतृत्व गरेको संस्था भने विगतदेखि नै चुनौती र बेथितिको चाङमा छ । त्यसबाट बाहिर निकाल्नका लागि भने कसैले पनि ठोस कदम नचालेको आरोप छ । 'यदि उहाँहरूले चाहेको भए तत्कालीन समिति परिषद्मा रूपान्तरण हुँदै सुरु भएको विवाद समाधानको सट्टा झनै गहिरिँदै विघटन हुने अवस्थामा किन पुग्थ्यो त ?', आरोप लगाउनेहरूले प्रश्न गर्छन् ।

परिषद्मा रहेका विविध समस्यामध्ये अध्यक्ष र कार्यकारी अधिकृतको क्षेत्राधिकार सबैभन्दा ठूलो विवादको कारक हो भनेर स्थानीय सबैले स्वीकारेका छन् । यही प्रश्नमा पूर्वअध्यक्ष झा भन्छन्, 'प्रयास नगरेको होइन, म आफैँ अध्यक्ष हुँदा पनि ऐन संशोधनका लागि बोर्डबाट निर्णय गरेर मन्त्रालयमा पठाइएको थियो तर तत्कालीन अवस्थामा अगाडि बढ्न सकेन ।' पूर्वअध्यक्ष शर्मा ऐतिहासिक र पौराणिक गौरवगाथा भएको जनकपुरलाई राज्यले महत्व नदिएकै कारण यहाँको विकास र विकासका लागि गठित संस्थाहरू उपेक्षामा परेको बताउँछन् । 'जनकपुर भारतको अयोध्या जस्तै उच्च महत्वको क्षेत्र हो तर राज्यले नेपालकै अरू क्षेत्रमा रहेका धार्मिक क्षेत्रजति पनि महत्व दिएन । बृहत्तर जनकपुर बनाउने सपनासहित स्थापित संस्थालाई सोअनुसार बलियो बनाउन आवश्यक ऐन, कानुन तर्जुमा, समयसापेक्ष परिमार्जन, क्षेत्राधिकारमा प्रस्टता, बजेट तथा योजनामा सधैँ उपेक्षा गरेकै कारण अहिले यो संस्था विघटनको सङ्घारमा पुगेको हो', उनले भने । परिषद्को अध्यक्ष सुरुमा मन्त्रिपरिषद्को निर्णयअनुसार गर्ने गरिएकामा पछि मन्त्रिस्तरीय निर्णयबाट गर्न थालियो । यस्तै परिषद्को कार्यकारी निर्देशक स्थापनाकालदेखि विसं २०६२ सम्म अध्यक्षको तजबिजमा हुने गर्दथ्यो । यही विधिबाट सातजना नियुक्त भए तर विसं २०६१ पछि खुला प्रतिस्पर्धाबाट कार्यकारी नियुक्तिको अभ्यास सुरु भयो । अम्बिकाप्रसाद अधिकारी पहिलोपटक विसं २०६१ वैशाख २८ मा खुला प्रतिस्पर्धाबाट कार्यकारी अधिकृतमा नियुक्त भए । त्यसयता त्यही मान्यताका आधारमा नियुक्ति भइरहेको छ । बेलाबेला विवाद उत्पन्न हुँदा र प्रतिस्पर्धाबाट नआउने अवस्थामा दैनिक कामकारबाही सञ्चालनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निमित्त तोक्ने प्रचलन छ । विगत दुई वर्षयता खुला प्रतियोगिताबाट नआएपछि मन्त्रालयले नै यही प्रचलनअनुसार गरिरहेको छ ।

**विवादको अविराम शृङ्खला**

विसं २०४९ मा बृहत्तर जनकपुर क्षेत्र विकास समितिको जन्म संसद्बाट भयो । विसं २०५५ मा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन जारी भएपछि समितिलाई परिषद्मा रूपान्तरण गरिएको थियो । ऐनको प्रस्तावनामा भनिएको छ, 'जनकपुर र यसको माध्यमिकी (पञ्चकाशी) परिक्रमा क्षेत्रभित्रको धार्मिक, ऐतिहासिक र पुरातात्विक महोत्वका मठ, मन्दिर, सरोवर र स्थलहरूको सुरक्षा, सम्भार र विकास गर्ने तथा बृहत्तर जनकपुर क्षेत्रको सामाजिक, आर्थिक र सांस्कृतिक पूर्वाधारहरू विकसित गर्दै सुव्यवस्थित तीर्थस्थल एवं धार्मिक क्षेत्रका रूपमा योजनाबद्ध ढङ्गले विकास गर्न बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को स्थापना र व्यवस्थित गर्न वाञ्छनीय भएकाले संसद्ले यो ऐन बनाएको छ ।' त्यसैगरी, ऐनको दफा ५ का उद्देश्यलाई हेर्दा पनि यसलाई एक प्रतिष्ठित संस्थाका रूपमा विकास गर्न खोजेको देखिन्छ तर क्षेत्राधिकार र कर्मचारी व्यवस्थापनमा ध्यान नदिँदा विवादको भुमरीमा फसेको जानकारहरू बताउँछन् । संस्थामा विवादको मूल जडका रूपमा सरकारले नियुक्त गर्ने बोर्ड अध्यक्ष र बोर्डले नियुक्त गर्ने कार्यकारी निर्देशकको क्षेत्राधिकार रहेको धेरैको दाबी छ । ऐनको दफामा अध्यक्ष नियुक्ति गर्ने प्रावधान त छ तर काम, कर्तव्य र अधिकारको प्रावधान नै छैन । बोर्डले चार वर्षका लागि नियुक्त गर्ने कार्यकारी निर्देशकको अधिकार भने प्रस्ट छ । ऐनको दफा ६ मा सञ्चालक परिषद्को व्यवस्था छ । सर्वोच्च निकायका रूपमा रहेको परिषद् अध्यक्ष नेपाल सरकारले चार वर्षका लागि नियुक्त गर्ने प्रावधान छ तर अध्यक्षको काम, कर्तव्य र अधिकारबारे छुट्टै व्यवस्था छैन । दफा ८ मा सञ्चालक परिषद्को काम, कर्तव्य र अधिकार भनिए पनि अध्यक्षबारे केही बोलिएको छैन र अध्यक्षको सेवासुविधाका विषयमा पनि केही भनिएको छैन । दफा १७ मा भने परिषद्को दैनिक प्रशासकीय कार्यका लागि खुला प्रतिस्पर्धाबाट चार वर्षका लागि कार्यकारी निर्देशक नियुक्तिको व्यवस्था छ । यही कारण अध्यक्ष र कार्यकारी अधिकृतको स्वार्थ मिलेसम्म सहजरूपमा काम हुने तर स्वार्थ नमिलेको दिनदेखि समस्या उत्पन्न हुने गरेको विगतदेखिकै घटनाक्रमबाट प्रस्ट हुन्छ । परिषद्मा क्षेत्राधिकारको विवाद भुसको आगो झैँ सल्किरहेको थियो ।

त्यसको प्रकट २०६३ सालतिर भयो, जतिबेला पूर्वमन्त्री रामचन्द्र झा अध्यक्ष थिए । विसं २०६३ साउन २९ गते अध्यक्ष नियुक्त भएका झाको पालामा कार्यकारी निर्देशकमा नेबल चौधरीलाई नियुक्त गरियो तर केही महिनामै आफैँले नियुक्त गरेको कार्यकारी निर्देशकसँग अध्यक्ष झाको मनमुटाव सुरु भयो । त्यो मनमुटाव कुटाकुटको अवस्थासम्म पुगेको जानकारहरू बताउँछन् ।

अध्यक्ष झा भन्छन्, 'मेरो पालमा मध्यमिकी परिक्रमा क्षेत्रभित्र पर्ने कुटी र १५ दिने परिक्रमाका समयमा अत्यावश्यक कामहरू गर्नमा सीमित संस्थालाई चलायमान बनाउने काम भयो । यहाँ रहेका दलित, आदिवासी, जनजातिका जातीय कुटीहरूको अवस्था सुधार्न पाँच लाखसम्म रकम दिएर मर्मत गर्न लगाइयो । यसपछि कमिसनको कुरा सुरु भयो । कमिसन आउने ठाउँ हेरेर सहुलियत दिन थालियो । यसैगरी, भारतीय दूतावाससँग मिलेर तीन करोड रुपैयाँको परियोजना लागू भयो । १७ वटा भित्री साना सडक स्तरोन्नतिको काम हुन थाल्यो । कामसँगै विवाद सुरु हुनाका कारण कमिसन नै थियो ।' विवादको जड ऐनको व्यवस्थालाई आफू अनुकूल व्याख्या गर्ने कर्मचारीहरूको भएको उनको भनाइ छ । '१० लाखभन्दा तलको रकमबाट हुने ठेक्का कार्यकारी अधिकृत र त्योभन्दामाथि अध्यक्षले सदर गर्छ तर कार्यकारी अधिकृतले इन्जिनियरसँग मिलेर आफ्नो अधिकारभित्रको रकमअनुसार योजना टुक्राटुक्रा गरेर दिन थाले । आफ्नो निकटबाहेकका ठेकेदारलाई ठेक्काका लागि आवेदन नै दर्ता हुन नदिने गरेको गुनासो आयो । म काठमाडौँमा भएकाले त्यो कुरा प्रमुख जिल्ला अधिकारीलाई तत्काल जानकारी गराएँ । प्रहरी परिचालन गरेर नियम पुगेका सबैलाई आवेदन दिन पाउने अवस्था बनाइयो' अध्यक्ष झाले स्मरण गरे, 'पछि जनकपुर फर्केपछि तत्कालीन कर्मचारीलाई आफ्नो कार्यकक्षमा बोलाएर स्पष्टीकरण सोधेँ । सानो रकममा पनि कमिसन लिने गरेको, ठेक्कामा आफ्नो सेटिङका मान्छेलाई मात्रै आवेदन दिने व्यवस्था मिलाएको, मलाई नै जानकारी नदिएर एक डेढ वर्षको तलब पेश्की एकैपटक लिएर जग्गा किनेको, कोषमा तलब खाने रकमसमेत नभएको विषयहरू थिए । अधिकारको दुरुपयोग किन गरेको ? मलाई नसोधेरै किन यस्तो भएको ? भनेर लिखित स्पष्टीकरण सोधेपछि मुद्दा मामिला, मनमुटावजस्ता कुरा भए ।' परिषद्का पूर्वअध्यक्ष शर्मा क्षेत्राधिकारलाई लिएर अध्यक्ष र कर्मचारीबीच उत्पन्न हुने विवादले परिषद् सुरुदेखि नै विवादमा फस्दै आएको बताउँछन् । उनी भन्छन्, 'परिषद्को जन्म संसद्बाट भयो तर क्षेत्राधिकारको विषयमा ध्यान पु¥याउन सकिएन । त्यसपछिका कुनै पनि संसद्ले विवाद समाधानका लागि ऐन संशोधनको आवश्यकता नै देखेनन् । त्यसैकारण मन्त्रिपरिषद्ले नियुक्त गरेको अध्यक्षभन्दा अध्यक्षको रोहवरमा नियुक्त कार्यकारी निर्देशक शक्तिशाली भएर आए । यसरी सुरु भएको विवाद अहिलेसम्म कायमै छ ।' मधेह प्रदेशका सभामुख तथा परिषद्का पूर्वअध्यक्ष मण्डल पनि अध्यक्षलाई फड्के किनाराको साक्षीका रूपमा राख्ने कानुनी व्यवस्थाले विवाद हुने गरेको बताउँछन् । कार्यक्षेत्र र अधिकारको अस्पष्टताका कारण ऐतिहासिक महत्व बोकेको संस्था सङ्कटमा रहेको उनको धारणा छ । 'ढुकुटी कर्मचारीको हातमा छ । त्यसको सदुपयोग र दुरुपयोग हुँदा उत्पन्न हुने परिस्थितिको जस–अपजस भने अध्यक्षले बोक्नुपर्ने हुन्छ । त्यसैले एकपक्षीय कानुन नै समस्याको मूल कारण हो', पूर्वअध्यक्ष मण्डलले भने । नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि पनि सरकारले स्थापनाकालको उद्देश्यअनुरूप परिषद्लाई प्राथमिकतामा राखेर काम नगर्दा विगतदेखि नै समस्या भएको बताउँछन् । उनी जनकपुरजस्तो एतिहासिक, धार्मिक क्षेत्रको बृहत्तर विकासका निमित्त स्थापना गरिएको संस्थालाई सरकारले एउटा मन्त्रालयको शाखाजतिको महत्वसमेत नदिएको जिकिर गर्छन् । 'यो संस्था जनकपुरको बृहत्तर विकासका लागि ठूलो उद्देश्य लिएर स्थापना भएको थियो, सुरुमा त्योअनुसार यसको महत्व थियो तर पछि कायम राख्न सकिएन । यसमा हामी सबैका कमजोरी छन् । मूल रूपमा सरकारले नै प्राथमिकतामा राखेर काम गर्नुपर्ने हो तर त्यसो भएन', निधि भन्छन्, 'त्यसका लागि जनकपुरबाट प्रतिनिधित्व गर्ने हामी नेताहरूले पनि पर्याप्त ध्यान दिन नसकेकै हो । अब विवाद निरूपणका लागि थप ढिलाइ गर्नुहुँदैन ।'

**मारमा कर्मचारी**

अशोककुमार कर्माचार्य परिषद्को सेवाबाट अनिवार्य अवकाशमा गएको दुई वर्ष हुन लाग्यो । विसं २०७९ भदौ ७ गते अवकाशमा गएका उनले हालसम्म उपदानलगायत सुविधा पाएका छैनन् । करिब २९ वर्ष काम गरेको संस्थाबाट बिदा हुँदा योगदानको मूल्य र सम्मान पाउनुपर्नेमा अपमानित भएर घर जानुपरेको भन्दै उनी खिन्न छन् । 'जीवनको ऊर्जाशील समय परिषद्को सेवामा बिताएँ तर अवकाश हुँदा रित्तो हात घर पठाइयो । आफ्नो योगदानको मूल्य पाउन परिषद्देखि मन्त्रालयसम्म सयौँपटक धाइसकेँ तर समस्या समाधान भएको छैन', उनले दुखेसो पोखे । कर्माचार्यले उपदान, औषधोपचार, घरबिदालगायत सेवाबापत करिब ४० लाख रुपैयाँ पाउनुपर्ने छ । यसका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उच्च अधिकारी, परिषद्का अध्यक्षलगायतसँग पटकपटक अनुनय गर्दा पनि समस्या समाधान नभएको उनले सुनाए ।

परिषद्मा २२ जना स्थायी र केही करारका कर्मचारी छन् । लामो समयदेखिको विवाद समाधान नहुँदा पछिल्लो समय अवकाशमा गएका कर्मचारीलाई सुविधा दिइएको छैन् भने सेवामा रहेकाहरूले समेत गत पुसदेखिको तलब पाएका छैनन् । तत्कालीन कार्यकारी अधिकृत बलराम ठाकुरको पदावधि सकिएपछि अर्को कार्यकारी नियुक्त हुनसकेको छैन । आर्थिक वर्ष २०७९÷०८० देखि पुँजीगत रकम खर्च गर्न सकिएको छैन । परिषद्को बैठक बस्न पनि समस्या छ । वरिष्ठ प्रशासकीय अधिकृत चिरञ्जीवी ढुङ्गाना उच्च तहमा देखिएको क्षेत्राधिकारको विवाद र अन्य स्वार्थको मारमा कर्मचारी परिरहेको बताउँछन् । उनी पछिल्ला दुई वर्षदेखि संस्थाका कामकारबाही ठप्प रहेका र उच्च तहबाट समस्या समाधानका लागि ठोस पहल नभएको गुनासो गर्छन् । प्रशासकीय अधिकृत जितेन्द्रकुमार यादव दोषजति कर्मचारीलाई देखाएर संस्थालाई बन्धक नबनाउन आग्रह गर्छन् । परिषद् अध्यक्ष साह भने हालसम्म देखिएका समस्या समाधान गर्न आफूले अधिकतम् प्रयास गरिरहेको बताउँछन् । उनले हालसम्म समस्याका रूपमा रहेका ऐन तथा नियमावलीका व्यवस्था संशोधन गर्न अन्तिम पहल भइरहेको जानकारी दिए । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव तथा प्रवक्ता हेमराज तामाङले परिषद्का समस्या समाधानका लागि पहल भइरहेको जानकारी दिए । विशुद्ध रूपमा धार्मिक पर्यटनको मूल प्रवाहीकरण गर्न स्थापित परिषद्मा एकले अर्कालाई देखाएर संस्थालाई नै सङ्कटमा पार्ने काम आजपर्यन्त भइरहेको छ । यसैले त अर्थ मन्त्रालयले सङ्घीय सरकारी निकायहरूको संरचनात्मक सुधारसम्बन्धी मिति २०८० जेठ १२ को प्रतिवेदनअनुसार परिषद्लाई खारेज गर्नुपर्ने निष्कर्ष पनि निकालेको छ । आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नं ४७ बमोजिम खारेजी गरिने तथा एकअर्कामा गाभिने २० वटा, पुनःसंरचना गरिने पाँचवटा निकाय र हस्तान्तरण गरिने एउटा निकायसहितको सार्वजनिक विवरणमा परिषद् पनि छ । यो जानकारी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई समेत गराइएको छ तर संसद्ले बनाएको ऐनबाट बनेको संस्थालाई मन्त्रालयले मात्रै चाहेर खारेज गर्न नसकिने भन्दै हालसम्म कुनै निर्णय भएको छैन । कतिपयले परिषद्लाई स्थानीय तहको जिम्मा दिनुपर्ने त कसैले प्रदेशको मातहतमा ल्याउनुपर्नेलगायत सुझाव दिइरहेका छन् । प्रबुद्ध व्यक्तिहरूले भने संस्थाभित्रको समस्या तत्काल समाधान गरी यस क्षेत्रका धार्मिक मठमन्दिर, ऐतिहासिक क्षेत्र र पर्यटकीय स्थलहरूको संरक्षण गर्ने गरी थप बलियो बनाउनुपर्ने मत राखिरहेका छन् । रासस







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन